# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०९।०१ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

नेपाल विद्युत प्राधिकरण, जनसाधन विभागमा कार्यालय सहयोगी पदमा कार्यरत राधा किसन थारुको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्ने उजुरीउपर अनुसन्धान हुँदा निजले श्री भृकुटी नि.मा.वि. झापाबाट कक्षा ६ उत्तीर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी सेवामा प्रवेश गरी लाभसमेत लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिएको हुँदा निज नेपाल विद्युत प्राधिकरण अन्तर्गत कार्यालय सहयोगी पदमा कार्यरत राधा किसन थारुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला